अल्लाहले जसलाई जनताको सेवा गर्ने जिम्मेवारी सुम्पिनु हुन्छ र उसले आफ्नो प्रजालाई धोका दिइरहेको अवस्थामा जब ऊ मर्छ, अल्लाहले उसको लागि स्वर्ग निषेध गर्नुहुन्छ ।

मालिक बिन यासर मुजनी (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, रसूल (सल्लल्लाहु
अलैहि वसल्लम) ले भन्नुभएको छ : "अल्लाहले जसलाई जनताको सेवा गर्ने जिम्मेवारी सुम्पिनु हुन्छ र उसले आफ्नो प्रजालाई धोका दिइरहेको अवस्थामा जब ऊ मर्छ, अल्लाहले उसको लागि स्वर्ग निषेध गर्नुहुन्छ ।"
[सही] [मुत्तफकुन अलैहि]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, प्रत्येक व्यक्ति जसलाई अल्लाहले शासकको रूपमा नियुक्त गर्नुभएको छ र जसलाई मातहतको जिम्मेवारी दिइएको छ, चाहे यो एक राजा जस्तै सरकारी जिम्मेवारी होस् वा घरमा पुरुष वा महिला जस्तै विशेष जिम्मेवारी होस् । यदि उनीहरुले आफ्नो प्रजा र मातहतमा रहेकाहरूको सांसारिक र धार्मिक अधिकारलाई बेवास्ता गर्छन् र धोका दिन्छन् भने तिनीहरु यो कठोर सजायका पात्र हुन् ।

http://www.sunnah.global/hadeeth/ne/show/5335